आज मिति २०७९/०९/२४ गते आइतबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा कार्यपालिकाको बैटक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम | पद |
|---|---|---|---|
| १. | (signature) | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | (signature) | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्त बहादुर मगर | वडा नं.१ वडा अध्यक्ष |
| ४. | (signature) | श्री पञ्च बहादुर प्रजा | वडा नं.२ वडा अध्यक्ष |
| ५. | (signature) | श्री नर बहादुर नेपाल | गा पा प्रबक्ता एवम् वडा नं.३ वडा अध्यक्ष |
| ६. | (signature) | श्री रुद्र प्रसाद उप्रेती | वडा नं.४ वडा अध्यक्ष |
| ७. | (signature) | श्री तेज बहादुर शेरचन | वडा नं.५ वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | वडा नं.६ वडा अध्यक्ष |
| ९. | (signature) | श्री बम बहादुर थापा मगर | वडा नं.७ वडा अध्यक्ष |
| १०. | (signature) | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेक माया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | परीमाया | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | (signature) | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | (signature) | श्री शंख बहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | (signature) | श्री जगत प्रसाद भुसाल | सदस्य-सचिब |

अन्य उपस्थितिः

१. बासु पण्डित, प्रशासन शाखा प्रमुख
२. उद्गम तिमिल्सिना, लेखा अधिकृत
३. पवन खरेल, लेखापाल

# कार्यपालिकाको प्रस्ताव पेश कार्यसूची

बैठक संख्या: १३

अध्यक्षता: श्री दान बहादुर गुरुङ

बैठक मिति: २०७९।०९।२४

बैठक स्थान: इच्छाकामना गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार ।

बैठक समय: १:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०७९।०९।२४ | १:०० | गाँउशिक्षा योजना निर्माणका लागि बजेट व्यवस्थापन गरिदिने सम्वन्धमा। | शिक्षा शाखा | १ |
| २०७९।०९।२४ | १:०५ | स्थानीय पाठ्यक्रम कार्यान्वयनको लागी स्रोतसामाग्री निर्माण गर्न बजेट व्यवस्था गर्ने सम्बन्धमा। | शिक्षा शाखा | २ |
| २०७९।०९।२४ | १:१० | आधारभूत तह उत्तीर्ण परीक्षा सञ्चालनकालागि बजेट व्यवस्थापन सम्बन्धमा। | शिक्षा शाखा | ३ |
| २०७९।०९।२४ | १:१५ | महिला स्वस्थ्य स्वयंसेविकाहरुको लागि प्रोत्साहन रकम तथा स्वस्थयकर्मीहरुको फिल्ड र नाइट भत्ता सम्बन्धमा। | स्वस्थ्य शाखा | ४ |
| २०७९।०९।२४ | १:२० | फोहरमैला व्यवस्थापन केन्द्र निर्माण तथा सुधारका लागि बजेट बिनियोजन सम्वन्धमा। | स्वस्थ्य शाखा | ५ |
| २०७९।०९।२४ | १:२५ | अमिन/सर्बेक्षक को लागि खाजा/खाना खर्च रकम, संचार खर्च, पेट्रोलको व्यवस्थापन सम्वन्धमा। | नापि शाखा | ६ |
| २०७९।०९।२४ | १:३० | गाउँकार्यपालिकाको क्षेत्रधिकार भित्र रही कार्यविधिहरु पारित गर्ने सम्बन्धमा। | प्रशासन शाखा | ७ |
| २०७९।०९।२४ | १:३५ | इच्छाकामना गाँउपालिका न्यायिक समिति अन्तर्गत मेलमिलापकर्ता सूचिकृत गर्ने सम्वन्धमा | न्यायिक समिति | ८ |
| २०७९।०९।२४ | १:४० | प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि योजना छनौट सम्वन्धमा । | रोजगार शाखा | ९ |
| २०७९।०९।२४ | १:४५ | "घ" बर्गको इजाजतपत्र प्रदान गर्ने सम्वन्धमा। | "घ" बर्ग इजाजत प्रदान गर्ने समिति | १० |

गाउँपालिका अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| २०७९।०९।२४ | १:५० | योजनाहरुको शिर्षक परिमार्जन र रकमान्तर गर्ने सम्वन्धमा। | योजना/भौतिक तथा पुर्वाधार शाखा | ११ |
| २०७९।०९।२४ | १:५५ | तलब ब्यवस्थापनका लागि अनुदान रकम उपलब्ध गराईदिने सम्वधमा । | योजना शाखा | १२ |
| २०७९।०९।२४ | २:०० | बिकास आयोजनाको लागि नदिजन्य सामाग्री उपलब्ध गराउने सम्वन्धमा । | योजना शाखा | १३ |
| २०७९।०९।२४ | २:०५ | चालु तथा पुजीगत खर्च शिर्षक संसोधन तथा रकमान्तर गर्ने सम्वन्धमा । | आर्थिक प्रशासन शाखा | १४ |
| २०७९।०९।२४ | २:१० | संघीय समपूरक र संघीय बिशेष अनुदानका लागि योजना छनौट सम्वन्धमा । | योजना शाखा | १५ |
| २०७९।०९।२४ | २:१५ | बिषादि खरिदको लागि बजेट शिर्षकान्तर गर्ने सम्वन्धमा । | कृषि शाखा | १६ |
| २०७९।०९।२४ | २:२० | नमुना गाउँघर क्लिनिक मुग्लिन् लाई आधारभुत स्वास्थ्य ईकाइ/केन्द्रमा रुपान्तरण गर्ने सम्बन्धमा। | स्वास्थ्य शाखा | १७ |
| २०७९।०९।२४ | २:२५ | कार्यपालिका अन्तर्गतका समितिहरुको पूर्णता दिने सम्बन्धमा । | प्रशासन शाखा | १८ |
| २०७९।०९।२४ | २:३० | गाउँसभा अन्तर्गतका समितिहरु गठन सम्बन्धमा। | प्रशासन शाखा | १९ |
| २०७९।०९।२४ | २:३५ | पूनःएकिकरण कार्यक्रमका लागि लागत साझेदारी ब्यहोर्ने सम्वन्धमा। | रोजगार शाखा | २० |
| २०७९।०९।२४ | २:४० | महिला स्वस्थ्य स्वयंसेविका सावित्री सिलवाल लाई सम्मान सहित बिदाई गर्ने सम्वन्धमा । | स्वस्थ्य शाखा | २१ |
| २०७९।०९।२४ | २:४५ | नेपाल मगर संघलाई खर्च ब्यवस्थापनमा सहयोग सम्वन्धमा । | सामाजिक बिकास शाखा | २२ |
| २०७९।०९।२५ | २:५० | आन्तरिक श्रोतबाट बिनियोजन भएका योजनाहरुको श्रोत अभाव समपुरक तर्फको बचत रकम बाट बेहोर्ने सम्वन्धमा। | योजना शाखा | २३ |

गाउँपालिका अध्यक्ष

**पूर्व बैठकको समीक्षा**

मिति २०७९।०८।०९ मा बसेको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

**कार्यपालिका बैठकको निर्णयहरुः**

१. यस गाउँपालिकाको आर्थिक बर्ष २०७९।८० देखि २०८९।९० सम्मको १० बर्षे गाउँशिक्षा योजना निर्माणका लागि आवश्यक पर्ने अनुमानित रकम रु. ४,००,०००।- (अक्षेरेपी चार लाख रुपैँया मात्र) को व्यवस्थापन गर्न गाउँसभामा पेश गर्ने।

२. गाउँपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०७८ देखि सम्पूर्ण विद्यालयहरुमा कक्षा १ देखि ८ सम्म लागू गरिसकेकाले उक्त स्थानीय पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि स्रोत सामाग्री (पाठ्यसामाग्री) निर्माण गर्नका लागि आवश्यक पर्ने अनुमानित बजेट रु. ४,००,०००।- (अक्षरेपि चार लाख रुपैँया मात्र) रकम व्यवस्थापन गर्न गाउँसभामा पेश गर्ने।

३. आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा ८ को परिक्षा) २०७९ सञ्चालन तथा व्यवस्थापनका लागि यस गाउँपालिकाको बार्षिक विकास कार्यक्रम २०७९।८० मा कार्यक्रम तथा बजेटको व्यवस्था नभएकोले कार्यक्रम कार्यान्वयन निर्देशिका २०७९।८० अनुसार प्रति विद्यार्थी २७५।- का दरले EMIS मा उल्लेखित विद्यार्थीका लागि रु.१२२९२५।- (अक्षरेपी एक लाख बाइस हजार नौ सय पच्चीस मात्र) विनियोजन भएकोमा परीक्षा सञ्चालन तथा व्यवस्थापनका लागि अनुमानित रकम रु.३७२९२५।- (अक्षरेपी तीन लाख बहत्तर हजार नौ सय पच्चीस मात्र) आवश्यक पर्ने भएकोले थप नपुग रकम रु.२,५०,०००।- (दुई लाख पचास हजार मात्र) को व्यवस्था गर्न गाउँ सभामा पेश गर्ने।

४. इच्छाकामना गाउँपालिका अन्तर्गतका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई आ.व. २०७९।८० को साउन महिना देखि असार महिना सम्मको प्रति व्यक्ति मासिक रु. २०००।- (अक्षरेपी दुई हजार मात्र) को दरले प्रोत्साहन रकम जम्मा रु. ८८८०००।- (अक्षरेपी आठ लाख अठासी हजार मात्र) उपलब्ध गराउन र स्वास्थ्यकर्मीहरुको फिल्ड र रात्रीकालिन (नाइट) सेवाको भत्ताको लागि जम्मा रु. २,५०,०००।- (अक्षरेपि दुई लाख पचास हजार मात्र) सहित कूल जम्मा रकम रु. ११,३८,०००।- (अक्षरेपि एघार लाख अठ्तीस हजार मात्र) रकम विनियोजनका लागि गाउँसभामा पेश गर्ने।

५. यस गाउँपालिकामा फोहोरमैलालाई उचित तरिकाले व्यवस्थापन गर्नको लागि गाउँपालिकाको कार्यालयबाट तयार गरिएको फोहोरमैला व्यवस्थापनको व्यवस्थापकीय कार्य करारमा लिने सम्बन्धि कार्यशर्त अनुसार कार्य गर्न फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण तथा सुधारका लागि रु. १०,००,०००।- (अक्षरेपि दश लाख रुपैयाँ मात्र) रकम विनियोजनको लागि गाउँसभामा पेश गर्ने।

६. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीका जग्गा नाप जाँचका लागि फिल्डमा खटिने अमिन / सर्वेक्षकलाई दैनिक खाजा/खाना खर्च बापत प्रति व्यक्ति प्रतिदिन (काम गरेको दिनको लागि मात्र) रु ४००।- (अक्षरेपि चार सय मात्र) उपलब्ध गराउने र सो को लागि बजेट विनियोजन गर्न कार्यपालिकाबाट निर्णय गरी गाउँ सभामा पेश गर्ने, जग्गा नाप जाँच कार्यमा प्रयोग हुने मोटरसाइकलको लागि पेट्रोल मासिक (फिल्डमा खटिनेलाई ) प्रति व्यक्ति १० लि. उपलब्ध गराउने, फिल्डमा खटिने अमिन/सर्वेक्षकलाई प्रति व्यक्ति प्रति महिना रु. २००।- (अक्षरेपि दुई सय मात्र) सञ्चार खर्च उपलब्ध गराउने।

गाउँपालिका अध्यक्ष

७. इच्छाकामना गाउँपालिका जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०७९ र स्थानीय तहमा बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी कार्यविधि, २०७९ पारित गर्ने।

८. इच्छाकामना गाउँपालिका न्यायिक समिति अन्तर्गत सूचीकृत भई मेलमिलापकर्ताको कार्य गर्न इच्छुक र योग्य तालिम प्राप्त तपसिल बमोजिमका आवेदकहरुलाई मेलमिलापकर्ताको रुपमा सूचीकरण गर्ने।

तपसिलः

(क) मोदराज सिलवाल
(ख) शिव प्रसाद पौडेल
(ग) अन्जना अधिकारी
(घ) रामनाथ त्रिपाठी
(ङ) विष्णु प्रसाद सापकोटा
(च) बलराम सिलवाल
(छ) साबित्री पुडासैनी खनाल
(ज) शान्ता देवि पाण्डे
(झ) सुधिर अधिकारी

९. प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि तपसिल बमोजिमका योजनाहरु सञ्चालनका लागि स्वीकृति प्रदान गर्ने।

तपसिलः

| क्र.सं. | योजनाको नाम | कार्यान्वयन हुने वडा | विनियोजित बजेट (रु) |
|---|---|---|---|
| १ | जोगैरा देखि पामडाँडा स्कूलसम्म गोरेटो बाटो मर्मत सम्भार | वडा नं ५ | ४,२८,४००/- |
| २ | ढोसघारी देखि रातोमाटे डाँडा गोरेटो बाटो मर्मत सम्भार | वडा नं ५ | १,८३,६००/- |
| ३ | रिग्दी खोला रामतरेश पुल देखि ढुंगे मन्दीरसम्म गोरेटो बाटो निर्माण तथा मर्मत सम्भार | वडा नं ६ | ७,३४,४००/- |
| ४ | रिग्दी खोला वेतटार पुल देखि टुडिखेल भद्रकाली मन्दीर हुँदै कामी भञ्ज्याङ्ग सम्म गोरेटो बाटो मर्मत सम्भार | वडा नं ६ | ४,८९,६००/- |
| ५ | ढाँडग्नारी गोठेरी खोला देखि कापे गैरी लुइचे खोला हुँदै मुलडाँडा टार रिग्दीसम्म गोरेटो बाटो मर्मत सम्भार | वडा नं ७ | ७,३४,४००/- |
| ६ | कापे गाउँ देखि बाङ्गी पुल सम्म गोरेटो बाटो मर्मत सम्भार | वडा नं ७ | ४,२८,४००/- |
| ७ | फेउस्ठी देखि सिराईचुली पदमार्ग मर्मत सम्भार | वडा नं २ | १२,२४,०००/- |
| ८ | कुरिनटार चर्चबाट पड्के पानी बिसौना हुँदै मस्राङ्गी डाँडा गोरेटो बाटो मर्मत सम्भार | वडा नं ४ | १,२२,४००/- |

गाउँपालिका अध्यक्ष

१०. इच्छाकामना गाउँपालिका "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७९ को दफा २ (३) बमोजिम BGT Construction and Suppliers Pvt. Ltd. लाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने ।

११. आर्थिक बर्ष २०७९।८० को स्वीकृत वार्षिक बजेटमा समावेश भएका तपसिल बमोजिमका योजनाहरु देहाय बमोजिम शिर्षक परिमार्जन र रकमान्तर गर्न गाउँसभामा पेश गर्ने ।

| क्र. सं. | वडा नं. | योजनाको नाम पहिले | योजनाको हाल हुनुपर्ने नाम | विनियोजित बजेट(रु.) | विनियोजित हुनुपर्ने रकम(रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०१ | कुलवाङ भिरबाटो रेलिङ निर्माण | कुलवाङ भिरबाटो तारजालि निर्माण | २००००० | २००००० | |
| २ | ०२ | राष्ट्रिय आधारभुत विधालय तोवाङ खेलमैदान | भुलभुले आधारभुत विधालय तोवाङ खेलमैदान | २००००० | २००००० | |
| ३ | ०२ | आशाखोला सिचाँई | आशाखोला सुकीमि दोभान सिचाँई निर्माण | ३००००० | ३००००० | |
| ४ | ०२ | नेत्र ज्योती राष्ट्रिय आ.वि. घेराबार | नेत्र ज्योती राष्ट्रिय आ.वि. भवन सम्पन्न | ४००००० | ४००००० | |
| ५ | ०३ | श्री देवि स्थान राष्ट्रिय आ.वि. | श्री देवि स्थान राष्ट्रिय आ.वि. मर्मत | ३००००० | ३००००० | |
| ६ | ०३ | थानीमाई मन्दिर निर्माण | थानीमाई मन्दिर सिढी निर्माण | २००००० | २००००० | |
| ७ | ०३ | चुम्लिङ्ग जारकाटे डहगी सडक नाला तथा ग्रावेल | चुम्लिङ्ग जारकाटे डहगी सडक स्तरउन्नती | १०००००० | १०००००० | |
| ८ | ०३ | रुप्लाङ्ग सडक | रुप्लाङ्ग देखि सिरानगाउँ सडक स्तरउन्नोती | ८००००० | ८००००० | |
| ९ | ०३ | सौराहा देखि माथिल्लो डुडेँ हुदै तल्लो डुडेँ कृषि सडक मर्मत | सौराहा देखि माथिल्लो डुडेँ हुदै तल्लो डुडेँ कृषि सडक ढलान | २००००० | २००००० | |
| १० | ०३ | मंगलखोरिया बारबाङ्ग चिवाङ्ग कृषि सडक | सिरानगाउँ सडक ग्याविन जालि | २००००० | २००००० | |
| ११ | ०३ | भन्जयाङ्ग चन्दने सिंढि | भन्जयाङ्ग चन्दने गोरेटो बाटो | ५०००० | ५०००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | ०३ | देउराली जारकाटे सिँढी निर्माण | देउराली जारकाटे गोरेटो बाटो | ५०००० | ५०००० | |
| १३ | ०३ | लिलिङ्गटार डाँडावारी गोरेटो बाटो निर्माण तथा रेलिङ | लिलिङ्गटार डाँडावारी सिँढी | १००००० | १००००० | |
| १४ | ०३ | वाल उधान निर्माण | वाल उद्यानका लागी जमिन सम्याउने | ३००००० | ३००००० | |
| १५ | ०३ | माझगाउँ महिला भवन निर्माण | सिरानगाउँ मन्दिर | ३००००० | ३००००० | थप |
| १६ | ०३ | (क) महाकाली मन्दिर (ख) स्याउलि बजार देखी माथि गोरेटो बाटो सिंढी निर्माण | पोचेबारी ढुकुर खोला सडक | १००००० | १००००० | थप |
| १७ | ०३ | कुरिनघाट चन्दने कृषि सडक ह्युमपाईप खरिद | नर्सिङटार सामुदायिक भवन मर्मत | ५०००० | ५०००० | थप |
| १८ | ०५ | मुग्लिङ तामिन इच्छाकामना सडक नाला ग्रावेल | खानेपानीबाट पानीघट्ट सम्म सडक स्तरउन्नोती | १५००००० | १५००००० | |
| १९ | ०५ | मुखियाटोल नाला ग्रावेल | ढोषघारी जौगैरा सडक मर्मत | ५००००० | ५००००० | |
| २० | ०५ | ढोषघारी जौगैरा बालकक्षा निर्माण | ढोषघारी जौगैरा सडक मर्मत | ३००००० | ३००००० | |
| २१ | ०७ | राष्ट्रिय आ.वि. सानोभोर्ले कम्पाउण्ड तथा फर्निचर | राष्ट्रिय आ.वि. सानोभोर्ले पार्टेशन / बाल निर्माण | ३००००० | ३००००० | |
| २२ | ०७ | भरतपुर २९ दाहाखानी भोर्लेगढी सडक नाला तथा ग्रावेल | भरतपुर २९ दाहाखानी भोर्ले सडक स्तरउन्नोती | १०००००० | १०००००० | |
| २३ | ०७ | पिपलटार एक घर एक धारा | पिपलटार सडक नाला निर्माण | ७००००० | ७००००० | |
| २४ | ०७ | खेतवारी झोलुङ्गे पुल फुटवल ग्राउण्ड स्तरउन्नोती | खेतवारी झोलुङ्गे पुल फुटवल ग्राउण्डसम्म सडक स्तरउन्नोती | ८००००० | ८००००० | |

गाउँपालिका अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५ | ०७ | दाहाखानी स्वास्थ्य चौकी वर्थिङ सेन्टर निर्माण | दाहाखानी स्वास्थ्य चौकी वर्थिङ सेन्टर निर्माण तथा भवन मर्मत | २०००००० | २०००००० | प्रदेश सशर्त तर्फको |
| २६ | ०७ | राष्ट्रिय आ.वि. कापे | राष्ट्रिय आ.वि. कापे शौचालय मर्मत | १००००० | १००००० | |
| २७ | ०६ | लामो आहाल देखि भ.न.पा २९ सम्म मोटरबाटो स्तरउन्नोती | चुवाबोट फस्नेपानी मोटरबाटो निर्माण। | २००००० | २००००० | |
| २८ | ०७ | ७ नं. वडा स्तरीय भैपरी खर्च | (क) ७ नं. वडा स्तरीय भैपरी खर्च<br>(ख) धोसे बेसी ढापे सिंचाई पाइप खरिद<br>(ग) भोर्ले आइतमान घर जाने बाटो स्तरोन्नती | ५,००,००० | (क) २,००,०००<br>(ख) १,५०,०००<br>(ग) १,५०,००० | |

१२. इच्छाकामना गा.पा. वडा नं. ४ स्थित सर्वशान्ति क्याम्पसको लागि आवश्यक थप अनुदान रकम रु. १४,०५,५५०।- (अक्षेरपी चौध लाख पाँच हजार पाँच सय पचास मात्र) विनियोजनको लागि गाउँसभामा पेश गर्ने।

१३. मिति २०७८/०१/०२ को गाउँ कार्यापालिकाको निर्णय अनुसार स्वीकृत IEE Report एवं मिति २०७९/०९/२१ गतेको नदीजन्य प्रदार्थ जिल्ला अनुगमन समितिको निर्णय नं २ अनुसार तपसिल बमोजिमका शर्तको आधारमा बारबाङ्ग खोला बगर, कुरिनघाट जिवन बगर, धारापानी खोला बगर, सोता बगर र रिग्दी खोलाको बगरबाट नदीजन्य पदार्थ उत्खनन् गर्ने श्री SHARMA-ZICG JV लाई र खगेरी खोलाबाट नदीजन्य पदार्थ उत्खनन् गर्ने श्री ओम सत्य साई हाईवे जे.भि. लाई अनुमति प्रदान गर्ने।

तपसिलः

- घाट गद्दी गरी नदीजन्य पदार्थ निकासी गर्ने।
- प्राविधिकको प्रत्यक्ष निगरानीमा रही उत्खननको कार्य गर्ने।
- नदीजन्य पदार्थको उत्खनन, घाट गद्दी एवं निकासीको अनुगमन देहाय बमोजिमको समितिले गर्नेछ।

क) गाउँपालिका अध्यक्ष - अध्यक्ष
ख) गाउँपालिका उपाध्यक्ष - सदस्य
ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
घ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
ङ) वन, वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक - सदस्य
च) सम्बन्धित वडाको वडाध्यक्ष - सदस्य
छ) योजना शाखा प्रमुख - सदस्य सचिव

गाउँपालिका अध्यक्ष

| | | | |
|---|---|---|---|
| २५३११ | सर्वशान्ती क्याम्पस संस्थागत अनुदान | १४०५५५० | |
| २२५२२ | विपन्न नागरिकलाई निशुल्क मिटरबक्स वितरण | २००००० | |
| २२४१३ | स्वयंसेवक शिक्षक | २००००० | |
| २२५२१ | स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागी स्रोत सामाग्री निर्माण | ४००००० | |
| २६४१३ | अन्य संस्थालाई चालु अनुदान रा आ वि ओल्याङका अनाथ तथा असहाय वालवालिका सहयोग | ३०६४५० | |
| | **जम्मा** | २२७००००० | २२७००००० |

**पुँजीगत तर्फ**

| बजेट शीर्षक नं. | बजेट शीर्षक | घट रकम | बजेट शीर्षक नं. | बजेट शीर्षक | थप रकम |
|---|---|---|---|---|---|
| ३११५९ | इच्छाकामना अस्पताल | ४०००००० | ३११५१ | बाटो सरसफाइ कार्य | ८००००० |
| ३१५११ | भैपरि पूजिगत | १०००००००० | ३१११२ | भाराङ्ग स्वास्थ्य चौकी निर्माण | ७००००० |
| | | | ३११५९ | उपर्दाङ्गगढीमा काठको ढोका निर्माण | ६००००० |
| | | | ३११५९ | फोहरमैला व्यवस्थापन केन्द्र निर्माण तथा मर्मत सुधार | १०००००० |
| | | | ३११५६ | गुजीवाङ्ग जुटपानी बस्तीमा खानेपानी तथा सरसफाइ संरचना निर्माण | ५००००० |
| | | | ३११५९ | इच्छाकामना मन्दिरमा ढुंगा छाप्ने र गजुर राख्ने काठको कार्य | ८००००० |
| | | | ३११५९ | लामो झरना पर्यटकीय संरचना निर्माण | १५००००० |
| | | | ३११५९ | कुयलघारी चर्च भवन शौचालय निर्माण | ६००००० |
| | | | ३११५९ | तुन्तेस चर्च भवन निर्माण | ४००००० |
| | | | ३११११ | गाँउपालिकाको अधुरो कम्पाउण्डवाल र बगैचा निर्माण | १४००००० |
| | | | ३११५९ | भालुमारा गुरुङ्ग गुम्बा तारबार | ७००००० |
| | | | ३११२१ | कृषी एम्बुलेन्स साझेदारी | २०००००० |
| | | | ३१११२ | मेशिनरी तथा औजार | १०००००० |
| | | | ३११५९ | तरकारी संकलन केन्द्र साझेदारी | २०००००० |
| | **जम्मा** | १४०००००० | | | १४०००००० |

गाउँपालिका अध्यक्ष

१४. यस गाउँपालिकाको आ.व. २०७९।८० को गाउँसभाबाट विनियोजित रकम मध्ये देहाय बमोजिमको चालु तथा पुँजीगत खर्च शिर्षक संशोधन तथा रकमान्तर गर्न गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

**चालु तर्फ**

| खर्च संकेत नं. | खर्च शीर्षक | थप रकम | घट रकम |
|---|---|---|---|
| २११३९ | महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन भत्ता | ११३८००० | |
| २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १३००००० | |
| २११४१ | पदाधिकारी बैठक भत्ता | ८००००० | |
| २२३१९ | स्वास्थ्य शाखा संचालन खर्च | | १००००० |
| २२३१९ | कृषि शाखा संचालन खर्च | | १००००० |
| २७२१३ | कृषि विषादी खरिद | १००००० | |
| २२४११ | सेवा र परामर्श खर्च | | २०००००० |
| २२५२२ | फोहोरमैला व्यवस्थापन | ४००००० | |
| २२५२२ | किशोरी आत्मरक्षा तालिम | | ४००००० |
| २२५२२ | अति विपन्न अपाङ्ग प्रोत्साहन भत्ता | | ५००००० |
| २२५२२ | अति विपन्न अपाङ्ग सहायक सामाग्री वितरण | ४००००० | |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २००००० | |
| २२४१३ | करार सेवा शुल्क | १३०००००० | |
| २११११ | करार कर्मचारी पारिश्रमिक | | १३०००००० |
| २२४१४ | सरसफाइ सेवा शुल्क | ३००००० | |
| २२४१९ | अन्य सेवा शुल्क | २००००० | |
| २२५१२ | सीपविकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ५००००० | |
| २२५२२ | कार्यक्रम खर्च | १०००००० | |
| २२५२९ | विविध कार्यक्रम खर्च | | १५००००० |
| २२५२९ | शिक्षा शाखा सञ्चालन अनुगमन तथा विविध खर्च | | ३००००० |
| २२५२२ | अति विपन्न चेपाङ प्रोत्साहन भत्ता | | २५०००० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | | १०००००० |
| २२६११ | दैनिक भ्रमण खर्च | | १०००००० |
| २२३१९ | अतिथि सत्कार | | ५००००० |
| २७२१२ | उद्दार राहत तथा पुनर्स्थापना खर्च | | १५००००० |
| २२७११ | कृषक सम्मान कृषि अनुदान | | २५०००० |
| २२५२९ | उद्योग साझेदारी कार्यक्रम | | २००००० |
| २२६१३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | २००००० | |
| २२७११ | वेवारिसे लास व्यवस्थापन | | १००००० |
| २२४११ | गाँउशिक्षा योजना निर्माण | ४००००० | |
| २२३११ | कक्षा ८ को परीक्षा संचालन खर्च | २५०००० | |

गाउँपालिका अध्यक्ष

१५. देहाय बमोजिमका योजनाहरु सङ्घीय समपुरक अनुदान र सङ्घीय विशेष अनुदानका लागि योजना छनौट गर्ने।

देहाय:

| क्र.सं. | योजनाहरुको नाम | माग गर्ने अनुदानको किसिम र प्राथमिकताक्रम | |
|---|---|---|---|
| १. | विपन्न चेपाङ आवास कार्यक्रम | विशेष अनुदान | १ |
| २. | जलविरे ढुङ्ग्रे सडक स्तरोन्नती | समपुरक अनुदान | १ |
| ३. | कोट हात्तीबाङ बाटो स्तरोन्नती | समपुरक अनुदान | २ |
| ४. | तल्लो काउले माथिल्लो काउले सडक निर्माण | समपुरक अनुदान | ३ |

१६. आ.व. २०७९।८० को स्वीकृत बार्षिक बजेटमा समावेस भएको कृषि शाखा सञ्चालन खर्च शिर्षकमा विनियोजित रु. १,००,०००।- (अक्षरेपि एक लाख रुपैँया मात्र) रकमलाई विषादी खरिद शिर्षकमा शिर्षकान्तर गर्न गाउँसभामा पेश गर्ने।

१७. यस इच्छाकामना गाउँपालिका वडा नं. ५ मुग्लिङमा रहेको नमूना गाउँघर क्लिनकलाई स्तरोन्नती गरी आधारभूत स्वास्थ्य सेवा इकाई/केन्द्रको रुपमा स्थापना गर्नको लागि गाउँसभामा प्रस्ताव पेश गर्ने।

१८. कार्यपालिका अन्तर्गतका समितिहरुमा तपसिल बमोजिमका सदस्यहरु रहने गरी समितिलाई पूर्णता दिने।

**१. आर्थिक विकास समिति:**

श्री तेज बहादुर शेरचन- संयोजक

श्री अञ्जु चेपाङ- सदस्य

श्री परिमाया कामी- सदस्य

श्री रञ्जित वि.क.- सदस्य सचिब

**२. सामाजिक विकास समिति:**

श्री लक्ष्मण चेपाङ- संयोजक

श्री राजकुमार चेपाङ- सदस्य

श्री टेक माया गुरुङ- सदस्य

श्री पार्वती मगराती- सदस्य सचिब

**३. पूर्वाधार विकास समिति:**

श्री रुद्र प्रसाद उप्रेति- संयोजक

श्री पार्वती गुरुङ- सदस्य

श्री शंख बहादुर चेपाङ- सदस्य

श्री कृष्ण प्रसाद उपाध्याय- सदस्य सचिब

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमती प्रदेश, नेपाल

**४. वन, वातावरण तथा विपद् व्यवस्थापन समिति:**

श्री सन्त बहादुर मगर- संयोजक

श्री नर बहादुर नेपाल- सदस्य

श्री अन्जु चेपाङ- सदस्य

श्री कमल राउत- सदस्य सचिब

**५. सुशासन तथा संस्थागत विकास समिति:**

श्री पञ्च बहादुर प्रजा- संयोजक

श्री बम बहादुर थापा मगर- सदस्य

श्री पार्वती गुरुङ- सदस्य

श्री बासु पण्डित- सदस्य सचिब

१९. गाउँ सभा अन्तर्गतका तपसिल बमोजिमका बढीमा ३ सदस्यीय समितिहरु गठन गर्ने प्रस्ताव गाउँसभामा पेश गर्ने ।

<u>तपसिल:</u>

१. विद्यायन समिति

२. लेखा समिति

३. सुशासन समिति

२०. बैदेशिक रोजगार बोर्डको सचिवालयबाट पुनः एकिकरण कार्यक्रम सञ्चालनको लागि लागत सहभागिता जनाउन पर्ने प्रस्ताव भई आएकोले मन्त्रालयले पठाएको बजेटमा १०% लागत सहभागिता व्यहोर्ने ।

२१. इच्छाकामना गाउँपालिका वडा नं ५ मुग्लिङ निवासी महिला स्वास्थ्य स्वयंसेविका श्री सावित्री सिलवाल ६० वर्ष उमेर पूरा भई उमेरहदका कारण सेवाबाट विदा हुनुभएको हुँदा निजको कार्यको उच्च मूल्याङ्कन तथा सम्मान गर्दै आ.व. २०७९/८० मा महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन शिर्षकमा विनियोजित भएको रकमबाट प्रोत्साहन स्वरुप रु १०००००/- (अक्षेरेपी एक लाख मात्र) नगद र सम्मान पत्र सहित विदाई गर्ने ।

२२. नेपाल मगर संघ इच्छाकामना गाउँ समन्वय समिति चितवनलाई मगर जातीको महान पर्व माघे सङ्क्रान्तीको पावन अवसरमा शुभकामना आदानप्रदान तथा साँस्कृतिक कार्यक्रम आयोजना गर्ने प्रयोजनको लागि भाषा,साहित्य,कला र संस्कृति सम्बर्धन कार्यक्रमबाट रु २५,०००/- (अक्षरेपी पच्चीस हजार मात्र) उपलब्ध गराउने।

२३. आ.व. २०७९।८० मा आन्तरिक श्रोतबाट विनियोजन भएका योजनाहरुको श्रोत अभावको कारण हुने न्यून (घाटा) रकम यस गाउँपालिकाको समपुरक तर्फको गाउँपालिकाको बचत रकम बाट बेहोर्न स्वीकृतीका लागि गाउँसभामा पेश गर्ने ।

गाउँपालिका अध्यक्ष